# सिद्ध कुमाख गाउँपालिका

## स्थानीय राजपत्र

### भाग २

### अध्यक्ष रोजगार कार्यक्रम संचालन सम्वन्धी कार्यविधि,२०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७/१०/१३

प्रमाणित मितिः २०७७/१०/१३

२०७७ सालको कार्यविधि संख्याः ३

**प्रस्तावना**

व्यवसायिक तथा उद्यमशीलताको ज्ञान, अवसर, सिप तथा पूँजीको अभाव जस्ता बिभिन्न कारणले सिद्धकुमाख गाउँपालिकाभित्र रहेका बेरोजगार युवाहरुको सहभागितामा स्थानीय पूर्वाधार निर्माण तथा उत्पादनमुलक कार्य संचालन मार्फत १०० दिन रोजगारी सिर्जना गरि उनीहरुको जीवन स्तरमा सुधार गर्न आवश्यक कार्यक्रमहरुको तर्जुमा गरि सिद्धकुमाख गाउँपालिकाको प्रशासकीय कार्यविधि (व्यवस्थित तथा नियमित) गर्ने ऐन २०७४ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी **अध्यक्ष रोजगार कार्यक्रम** संचालन तथा व्यवस्थान गर्न सिद्धकुमाख गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

# परिच्छेद १

१, **सम्क्षिप्त नाम र प्रारम्भ** : यस निर्देशिकाको नाम “अध्यक्ष रोजगार कार्यक्रम संचालन सम्वन्धी कार्यविधि, २०७७” रहेको छ ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**३. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा रहेको रोजगार कार्यक्रम बुझ्नु पर्दछ |

क) **कार्यक्रम** भन्नाले सिद्धकुमाख गाउँपालिकामा लागु भएको रोजगार कार्यक्रम सम्झनु पर्छ ।

ख) **गाउँपालिका** भन्नाले सिद्धकुमाख गाउँपालिकालाइ सम्झनु पर्छ।

ग) **रोजगार सेवा केन्द्र** भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम सिद्धकुमाख गाउँपालिकामा स्थापना भएको सेवा केन्द्र सम्झनुपर्छ।

घ) **लक्षित वर्ग** भन्नाले कार्यक्रम लागु हुने क्षेत्रमा बसोबास रहेको बिपन्न परिवारको श्रम गर्न सक्ने युवा भित्रका रोजगार सेवा केन्द्रमा दर्ता भइ परिचयपत्र प्राप्त बेरोजगार सदस्य सम्झनुपर्छ।

ङ) **शैक्षिक जनशक्तिः** यस गाउँपालिकाभरि बसोबास गर्दै शैक्षिक ओहोदा प्राप्ति गरि आएकादक्ष, अर्धदक्ष क्षमता भईश्रम गर्न सक्ने युवा (१८-४०वर्ष) भित्रका रोजगार सेवा केन्द्रमा दर्ता भई परिचयपत्र प्राप्त बेरोजगार सदस्य सम्झनुपर्छ ।

# परिच्छेद २

## कार्यक्रम को उद्देश्यहरुः

कार्यक्रमको उद्देश्य देहाय बमोजिमको हुनेछ |

क. लक्षित बर्गका श्रम गर्न सक्ने इच्छूक व्यक्तिलाई रोजगार तथा आयआर्जन अवसर प्रदान गर्ने ।

ख. दक्ष तथा सक्षम जनशक्ति तयार गरि स्वरोजगारको वातावरण श्रृजना गर्ने ।

ग. दिगो गुणस्तरिय भौतिक पुर्बाधार निर्माण तथा विस्तार गर्ने ।

घ. स्थानीय बिकासमा सामुहिक भावना र अपनत्व लिने अबस्थाको शृजना गर्ने ।

ङ. समाजका सामाजिक सस्कारलाइ आत्मसात गरि सहयोग प्रदान गर्ने ।

च. विविध शैक्षिक दक्षता हासिल गरि क्षमता,सिप प्रयोग गरि स्वालम्बी कार्यक्रमको लक्ष्य हासिल गर्ने |

## परिच्छेद ३
## आयोजना छनौट प्रक्रिया

१. योजना तर्जुमा गर्दा स्थानीय तह योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५ ले तोकेको क्षेत्रसंग सम्बन्धित योजना/बेरोजगारको छनौट गरिनेछ ।

२. उपदफा १ बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिम गरिनेछ |

३. समुदायको सहभागितामा बस्ति तथा वडा स्तरबाट प्राथमिकताको आधारमा योजनाको छनौट गरिनेछ ।

४. वडा स्तरबाट आयोजना कार्यान्बयन तथा अनुगमन समितिबाट गाउँ सभामा सिफारिसका साथ पेश हुने छ ।

५. गाउँ सभाबाट स्विकृत भएका योजना कार्यान्वयनका लागि कार्यपालिकालाई लेखि पठाउने छ |

६. प्रत्येक आर्थिक वर्ष पहिले चौमासिक भित्र आयोजनालाई रोजगार संचालन समितिलाइउपलब्ध गरि सम्बन्धित प्रमुखलाई दिनु पर्नेछ |

७. (३) उपदफा (२) बमोजीम छनौट भएका आयोजनाहरु स्थानीय श्रोत, सीप र श्रममा आधारीत दिगो, वातावरणमैत्री, उपादनमुलक तथा आयआर्जनमुखी तथा क्षमता बिकास तर्फ हुनु पर्नेछ ।

८. (४) अनुदान बिनियोजन गरिने (१) सामाजिक, आर्थिक विकासका पुर्बाधार निर्माण मार्फत रोजगारी सृजना र आय

आर्जन बढोतरी हुने क्षेत्रमा पूँजीगत अनुदान उपलब्ध गराईनेछ।

९.(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा देहायका क्षेत्रमा आयोजना तथा कार्यक्रम संचालन गरिनेछः

**क. सडकतर्फः** टोल बस्तीलाई सडक संजालसंग जोड्ने, कच्ची सडकको स्तरउन्नति, नाला निर्माण, बसपार्क, पुल, कल्भर्ट जस्ता प्राथमिकता क्रमको आधारमा छनोट भएका श्रममा आधारित निर्माण तथा मर्मत संभार लगायतका कामहरु ।

**ख. संचाई,उर्जा तथा नदि नियन्त्रण तर्फः** कुला बाध पैनी, तथा नहर कुलोको निर्माण तथा मर्मत संभार।जलविधुत आयोजनाहरुमा ज्याला साझेदारी, ट्रान्समिसन लाइन बिस्तार, नदी नियन्त्रणा पहिरा नियन्त्रण, सार्बजनिक स्थलमा फलफुल बगैचा आदि,

**ग. खानेपानी तथा सरसफाई तर्फः** धारा, ट्यांकी पोखरी, सार्वजनिक शौचालय र पाईपलाइन विस्तार,मुहान संरक्षण,ढल निर्माण ।

**घ. कृषि, सहकारी, तथा पशु विकास तर्फः** शीत भण्डारण निर्माण,जडीबुटी संकलन तथा प्रशोधन, खाद्य तथा फलफुल प्रशोधन,बधशाला तथा माछा पोखरी निर्माण,सामुहिक कृषि व्यवसाय, कृषी उपजको बजारीकरण तथा हाट बजार व्यवथापन, पशुपालन आदि |यस गाउँपालिकामा रहेका दक्ष कृषि प्राविधिक,पशु प्राविधिक जनशक्तिलाई सदुपयोग गरि ब्यबस्थापन गरिनेछ |

ङ. **सामुदायिक पूवार्धार तर्फः** सामुदायीक भवन तथा सामुदायिक तालिम केन्द्र निर्माण आयोजना ।

च. **वातावरण संरक्षण तर्फः** वृक्षारोपण, नदि नियन्त्रण, सावर्जनीक उद्यान, नदी कटान नियन्त्रण तथा तटबन्धन निमार्ण वन डढेलो नियन्त्रण, हरियाली पार्क निर्माण आयोजना ।

छ. **पयर्टन तर्फः** परम्परागत महत्वका धार्मिक मन्दिर, सम्पदाको संरक्षण निमार्ण, पदयात्रा, धार्मिक पयर्टकीय क्षेत्रको संरक्षण, होमेस्टे सर्किटको निर्माण।

**च.** शिक्षा, युवा तथा खेलकुद **दक्ष** जनशक्ति : साक्षरता अभियान कम्प्युटर शिक्षा, तालिम, खेलमैदान, पुस्ताकलय निर्माण, खेलमैदान स्टेडियमको र्निमाण गरिनेछ |साथै शैक्षिक ओहोदा प्राप्त गरि बेरोजगार भएका जुनसुकै बेरोजगार (खेलकुद प्रशिक्षक, भोलुनटेरिंग शिक्षक, नर्स, अनमी, कम्प्युटर शिक्षक, भेटेनरी प्राविधिक,कृषि प्राविधिक आदि) भई बसेका दक्ष जनशक्तिलाई उपयुक्त स्थानमा रोजगारमुलक कार्यमा १०० दिन सम्म खटाउन सकिने |

ज. साझेदारमा हुने सबै प्रकारका श्रममूलक आयोजना,

झ. जलवायु परिबर्तन अनुकुलनका आयोजना,ठुला तथा राष्टिय गौरवा तथा स्थानीयगौरवका आयोजना,

५. रोजगार सम्बन्धी विशेष व्यवस्थाः(१) देहाय बमोजिमका युवाहरूलाई रोजगारमा प्राथमिकता दिनु पर्नेछः

क.आफनो उत्पादन तथा आयबाट बर्षमा तीन महिना भन्दा कम समयसम्म खान पुग्ने परिवार

ख. शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य,

ग. दलित, अल्पसंख्यक, भूमिहिन, जोखिममा रहेको परिवार,

घ. बसोबासको लागि आफ्नो घर नभएको परिवार,

ङ. एकल घरमुली भएको परिवारको सदस्य,

च. महिला बेरोजगार व्यक्ति,

छ. परिवारको कुनै पनि सदस्यले न्युनतम रोजगारी नपाएको अथवा कुनै पनि सदस्यले सरकारी गैरसरकारीतथा निजि क्षेत्रमा रोजगारीको अवसर नपाएको परिवार/बैदेशिक रोजगारी बाट फर्केका

ज.आफ्नै ब्यबसाय संचालन नगरेको,

झ.सिद्धकुमाख गाउँपालिकामा बेरोजगारको सुचिमा दर्ता भएको व्यक्ति,

ञ. विविध शैक्षिक दक्षता हासिल गरि क्षमता भएका तर हाल बेरोजगार रहेका व्यक्तिहरु |

उपदफा(१) बमोजिम प्राथमिकता प्राप्त भएका आवेदनकर्ताहरूको प्रत्येक वडाले अनुसुची १ बमोजिमको फाराम भरि गाउँपालीकाको कायार्लयमा पठाउनु पर्नेछ ।

# परिच्छेद ४
# युवा कामदारको छनौट तथा दर्ता

कामदार छनौट गर्दा देहायको आधारमा गरिनेछः-

(१) रोजगार सेवा केन्द्रले प्रत्येक आर्थिक वर्षमा बेरोजगारको सुचिमा दर्ता हुन प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिकाको अनुसूची १ बमोजिम वडा कार्यालय मार्फत आव्हवान गर्नेछ |

(२) उपदफा १ बमोजीम कामदार छनौट गर्दा विगत देखि काम गर्दै आएका बेरोजगार युवालाई नियमितताको लागिध्यान दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कामदार छनौट पश्चात सोको विवरण गाउँपालिकाले अनुसुची २ को ढाँचामा सार्वजनिक गर्नुपर्नेछ ।

(४) कामका लाग छनौट भएका युवा कामदारलाई प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधिको अनुसूची २ बमोजिमको रोजगार परिचयपत्रप्रदान गरिनेछ।

(५) युवा कामदार छनौट गर्दा प्रत्येक वडामा लक्षित वर्गको अधारमा गाउँपालिका कार्यालय १८ बर्ष पुरा भै ४० बर्ष ननाघेको व्यतिलाई छनौट गर्नु पर्नेछ।

## परिच्छेद ५

## युवा कामदारको कार्य प्रक्रिया :

(१) दक्ष जनशक्तिले मासिक रूपमा आयोजना कार्यान्वयनमा कार्य सहभागी गर्नुपर्नेछ ।

(२) युवा कामदार/दक्ष जनशक्तिले मासिक २४ दिन निर्माण/सहभागीमूलक कार्यमा सहभागी हुनुपर्नेछ ।

(३) शनिबार सम्वन्धित कामदारले बिदा पाउने छन र सम्वन्धित कार्यालयले जुनसुकै अबस्थामा पनि आवश्यक काममा खटाउन सक्नेछ|करार अवधिबढीमा १०० दिन सम्म करार हुनेछ|

## परिच्छेद ६
## आयोजनाको व्यवस्थापनः

(१) छनौट भएका युवा कामदारको सुची गाउँपालकाले सार्वजनिक गरेको १५ दिनभित्र उक्तसुची मध्येबाटै छनौट हुने गरि ५ देखि ७ जनासम्मको आयोजना कार्यान्वयन समिति गठन गर्नुपर्नेछ।समितिमा कम्तीमा एक तिहाई महिला सदस्य हुनुपर्नेछ।

(२) समितिले गाउँसभाबाट गाउँपालिकाको बजेट स्विकृत भैसकेपछि अनुसुची ४ बमोजिमको आयोजना माग फाराम भरि कार्य क्षेत्रमा पर्ने सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकामा पेश गर्नु पर्दछ ।

(३) समितिले अनुसुची ५ बमोजिमको आयोजना कार्यान्वयनका कार्ययोजना फाराम भरि दोहोरो नपर्ने गरि आयोजना कार्यान्वयन गर्नुपर्नेछ।

(४) उपदफा ३ बमोजिमका योजना फाराम भरेपश्चात सिद्धकुमाख गाउँपालिकाले तयार गरेको ढाँचा बमोजिम सम्झौता फाराम भर्नु पर्नेछ ।

(५) संचालन हुने आयोजनाको विवरण अनुसुची ६ बमोजिमको ढाँचामा आयोजना कार्यान्वयन समिति मार्फतसुचना पाटिमा राख्नुपनेर्छ ।

(६) आयोजनामा आवश्यक पर्ने सुरक्षा सामाग्री तथा अन्य मेशिनऔजार (हेल्मेट, बुट, पन्जा, अन्यहातेऔजारहरू) को

व्यवस्थापन गर्ने दायित्व आयोजना कार्यान्वयन समितिलाई हुनेछ।

(७) कामदारको फरक पहिचान दिने गरि पोशाकको व्यवस्था आयोजना कार्यान्वयन समितिले गर्नुपर्नेछ।

(८) दक्ष बेरोजगारहरुको ज्यालाकामको आधारमा, प्राबिधिक मुल्यांकन, श्रम ऐन तथा जिल्ला/स्थानीय दररेट अनुसार मुल्यांकन गरि तोकिनेछ र ज्याला रकम भुक्तानी बैंक मार्फत अनिवार्य रुपमा गरिनेछ |

## परिच्छेद ७
## आयोजना खर्च

बेरोजगार व्यक्तिहरुको ज्यालमा खर्च हुने गरी देहाय बमोजिमको सीमाभित्र रही खर्चको प्रस्ताव गर्नु पर्नेछः

| क्र.स. | खर्चको क्षेत्र | खर्च सिमा (कुल अनुमानित लागतको) |
|---|---|---|
| १. | ज्याला भुक्तानी खर्च | ९०% |
| २. | औजार | ५% |
| ३. | कार्यालय संचालन, सुदृढिकरण तथा मसलन्द खर्च | ३% |
| ४. | कन्टिन्जेन्सी खर्च | २% |

## परिच्छेद ८
## वितिय श्रोत परिचालन तथा खर्च व्यवस्थापनः

(१) कार्यक्रमको लागि आवश्यक वित्तीय श्रोत गाउँपालिकामार्फत उपलब्ध हुनेछ।

(२) कार्यक्रम कार्यन्वयन तथा विनियोजित बजेटखर्च गर्दा तथा सोको लेखा राख्दा तथा लेखांकन प्रतिवेदन तयार गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

(३) संचालित आयोजनाका कामदारलाई प्रतिदिन गाउँपालिकाले निर्धारण गरेको दैनिक ज्यालादरको आधारमा आयोजना कार्यान्वयन समिति मार्फत कार्यसम्पादनलाई ध्यानमा दिई ज्याला उपलब्ध गराउनुपर्नेछ।आयोजना सम्पन्न भएको ७ दिनभित्र आयोजनाको प्राविधिक मूल्यांकन गरि सोहि आधारमा रकम भुतानी गर्नुपर्नेछ।

(४) आयोजना कार्यान्वयन समितिले कामदारहरूको दैनिक उपस्थितको अभिलेख अनुसुची ७ बमोजिमको फाराममा भरि राख्नुपर्नेछ।

(५) आयोजनामा कार्यरत कामदारहरूको सुरक्षा प्रत्याभूतिका लागि आयोजनाको दुर्घटना विमाको व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद ९

## सामाग्री खरिद प्रत्रियाको व्यवथापनः

(१) कार्यक्रम अन्तगत कुनै सामाग्री खरिद गर्नुपर्दा देहाय बमोजिम गरिनेछः

क. गाउँसभाबाट स्विकृत बार्षिक बजेट तथा योजनाको आधारमा बार्षिक खरिद योजना तयार गरि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

ख. आयोजना सँचालन गर्दा पेश्की दिने कार्यलाई निरूत्साहित गर्नु पर्नेछ। कुनै प्रकारले पेश्की उपलब्ध गराइने छैन।

## परिच्छेद १०
## वित्तीय सुशासन कायम गर्ने कार्यक्रम

अन्तर्गत गरिने खर्चमा वित्तीय सुशासन कायम गर्न देहाय बमोजिम गर्नु पर्नेछ ।

(क)कार्याक्रम कार्यान्वयन समितिसँग सम्झौता भए पश्चात यसका सम्पूर्ण सदस्यलाई आयोजनाको वित्तीय श्रोत, खर्च गर्नेतरिका, सदस्यको व्यक्तिगत तथा सामुहिक जिम्मेवार आदि विषयमा अनुशरणगर्नु पर्नेछ ।

(ख) सबै आयोजनाहरुको विवरण समेटिएको आयोजनाको सुचनापाटि अनिवार्य रूपमा सर्वसाधारणले देख्ने गरि योजना स्थलमा राख्नुपर्नेछ। यसका लागि आवश्यक रकमको व्यवस्था लागत अनुमान तयार गर्दा नै राखिनेछ ।

(ग) आयोजनाहरू सम्पन्न भईसकेपछि अनिवार्य रूपमा आयोजना सम्पन्न भएको एक महिना भित्र सार्वजनिक परीक्षण गर्नुपर्नेछ।

(घ) संचालित कार्यत्रमको नियमित रूपमा प्रगती विवरण तयार गरि गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ११

## सार्वजनिक परिक्षण तथा लेखा परिक्षणः

(१) गाउँपालीका स्तरीय समन्वय तथा अनुगमन समितिले कार्यत्रमहरूको सार्वजनीक परिक्षण अनुसुची ८ बमोजिम गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम गर्दा कामदारहरूको हाजिर विवरण, प्राप्त रकम र खर्चहरू लगायत आयोजनाको विस्तृत भुतानी विवरणको प्रमाण सार्वजनिक गर्नु पर्नेछ ।

(३) आयोजनाको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ ।

(४) महालेखा परिक्षकको कार्यलयबाट यस आयोजनाको अन्तिम लेखा परिक्षण हुनेछ ।

# परिच्छेद १२

## १. गाउँपालिका स्तरीय समन्वय तथा अनुगमन समितिः

रोजगार संचालित कार्यक्रमहरूलाई प्रभावकारी तरिकाबाट संचालन गर्न देहाय बमोजिमको समिति रहनेछः

| | | |
|---|---|---|
| (१) | गाउँपालिका अध्यक्षः | अध्यक्ष |
| (२) | गाउँपालकाको उपाध्यक्षः | सदस्य |
| (३) | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| (४) | गाउँपालिकाको सम्पूर्ण वडा अध्यक्ष : | सदस्य |
| (५) | गाउँपालिकाको इन्जिनियरः | सदस्य |
| (६) | योजना शाखा प्रमुख : | सदस्य |
| (७) | रोजगार संयोजकः | सदस्य सचिव |

## २. गाउँपालिका स्तरीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः

समुहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) एक वडा कार्यालय मार्फत दफा ६ बमोजिमको प्रथामिकताका आधारमा रोजगार दिन सकिने युवा कामदारको संख्या एकिन गर्ने ।

(२) आयोजना कार्यान्वयन समुहको गठनमा सहजीकरण गर्ने ।

(३) आयोजना सबैस्थानीय विवाद एवं समस्याहको समाधान गर्ने ।

(४) गाउँपालिकामा सेवारत बैकसँग समन्वय गरि कामदारहरूको बैक खाता खोल्ने व्यवस्था मिलाउने ।

(५) कार्यत्रम संचालनका लागि निर्देशिकाको अधिनमा रहि बार्षिक कार्ययोजना तयार गर्ने ।

(६) आयोजनाका लागि निर्माण सामाग्री कामदारहरूले प्रयोग गर्न सुराक्ष सामाग्री र औजार लगायतको विवरण तयार गरि समयमै खरिद गर्न व्यवस्था मिलाउने ।

(७) आयोजनाका कामदारले पाउने ज्याला समयमै वितरण गर्न व्यवस्था मिलाउने ।

(८) कार्यत्रमको पारर्दिशता तथा जवाफदेहीता सुनिवश्चित गर्ने ।

(९) कार्यत्रमको समिक्षा, सार्वजनीक सुनवाई वा सामाजिक परिक्षण लगायतका कार्य गर्न खर्च एवं लेखा प्रतिवेदन सार्वजनीक गर्ने।

(१०) आगामी बर्षको योजना तथा कार्यत्रम तयार गरि कार्यपालीका समक्ष पेश गर्ने ।

(११) गाउपालिकामा रहेका बेरोजगारहरुको विवरण सँकलन गर्ने

(१२).रोजगारीको अवसर पहिचान गरि बेरोजगारहरुलई रोजगारदाता सँग जोडने

(१३). रोजगार आयोजना तथा रोजगार दाताबाट आवश्यक माग सँकलन गरि सुचिकृत व्यक्तीलाई काममा खटाउने

(१४).रोजगार सेवा केन्दलाईआवश्यक सुभाव तथा मार्गदर्शन दिने।

## परिच्छेद १३

## गुनासो व्यवस्थापनः

(१) यस कार्यत्रमसँग चित नबुझेका विषयमा सरोकारवाला वर्गले वडा कार्यालय वा रोजगार सेवा केन्द्र वा प्रमुख प्रशासकीय अधिकृत समक्ष लिखित रूपमा उजुर गर्न सक्नेछ।

(२) देहायका विषयमा प्रथामिकताका साथ उजुर वा गुनासो सुनुवाई गरिनेछः

(क) नियमानुसारको ज्यालादर नपाएको |

(ख) समान ढंगले काम गर्न अवसर नपाएको |

(ग) समयमा ज्याला रकम भुानी नपाएको |

(घ) कार्यत्रम सम्बद कर्मचारी तथा आयोजना कार्यान्वयन समीतीले कामदारप्रती उचित एवं मानवीय व्यवहार नगरेको |

(ङ) कायसँग सम्बन्धीत रहि गरिएको खरिद तथा कामदार छनौट लगायतमा पारदर्शीताप्रक्रिया पूरा नगरेको पक्षपात भएको |

(च) तोकिएको समयभन्दा बढि समय काममा लगाएको ।

(३) वडा अध्यक्षले उपरोक्त प्रकारको गुनासो वा उजुरिहरू उपर सात दिन भित्र सुनुवाई गर्नु पनुर्छे । वडा अध्यक्षबाट सुनुवाई नभएमा वा सुनुवाई चित बुभदो नभएमाप्रमुख प्रशासकिय अधिकृत समक्ष राख्नन सकनेछ । प्रमुख प्रशासकीय अधिकृतले प्राप्त उजुरिहरू आफूलाई प्राप्त भएको १५ दिन भित्रमा अध्यक्ष मार्फत सुनुवाई गर्न व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद १४

## युवा कामदारले पालना गर्नुपर्ने आचारणः

(१)कार्यदलमा समावेश भएका आयोजना कार्यान्वयन समिति तथा कामदारले तपिशल बमोजिमको आचारण पालना गर्नुपर्नेछ ।

(क) मादक पदार्थ सेवन तथा जुवा तास खेल्न नहुने ।

(ख) कुनैपनि सामाजिक नैतिकतामा आँच आउने काय गर्न नहुने ।

(ग)कार्य जिम्मेवार सुपरिवेक्षकको निर्देशन अनुसार पालना गर्नु पर्ने।

(घ)आचारण पालना नगर्ने युवा कामदारलाई सुपरवेक्षकको सिफारिसमा तुरून्त कार्य जिम्मेवारबाट हटाईनेछ।

अनुसूचीः १

(दफा ६ को उपदफा २ सँग सम्बन्धित )

युवा रोजगार कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदनकर्ताहरुको नामावली

| क्र.स. | सुचिकृत नम्बर | आवेदकको पुरा नाम | नागरिकता नम्बर | टोलको नाम | परिवार र संख्या | उमेर | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

सिद्धकुमाख गाउँपालिका वडा नम्बर ......................

# अनुसुची २

## दफा ७ को उपदफा ३ सँग सम्बन्धित

## रोजगार उपलब्ध गराउन छनौट भएका व्यक्तिको नामावली (सार्वजनिक योजनाको लागि)

| क्र.स. | कामदारको नाम | परिचय पत्र नम्बर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसुची ३
## दफा ७ को उपदफा ४ सँग सम्बन्धित
## लाभग्राही परिचय पत्र


श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
अध्यक्ष रोजगार कार्यक्रम
सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सल्यान
कर्णाली प्रदेश

लाभग्राही परिचय-पत्र

परिचय पत्र नं. : .................................... परिवार संख्या :.............
लाभग्राहीको नाम :.......................................................................................
सिद्ध कुमाख गाउँपालिका वडा नं. ..........., टोल ...................................
बुबा वा पतिको नाम: ..................................................................................
नागरिकता/ राष्ट्रिय परिचय-पत्र नं.: ...........................................................
परिचय-पत्र जारी मिति: ..............................................................................
सम्पर्क नं.: ...........................................................
मान्य हुने अवधि (आ.व.) : ..................................
प्रमाणित गर्ने कर्मचारीको हस्ताक्षर : ..................................

फोटो

सिद्ध कुमाख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सल्यान
www.siddhakumakhmun.gov.np

**दोश्रो पाना**

**पारिवारीक विवरण**

| संकेत नम्बर | नाम | लाभग्राहीसँगको नाता | नागरिकता प्रमाणपत्र नम्बर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## तेश्रो पाना

**रोजगारीको विवरण:**

| काम गरेको आयोजनाको नाम | अवधि | | कामको प्रकृति | प्रमाणित गर्ने आयोजना प्रमुख | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## चौथो पाना

रोजगार आयोजनामा काम गर्दा प्रत्येक श्रमिकले देहाय अनुसारको आचरण र अनुशासनको पालना गर्नु पर्नेछ:

(क) समयको पालना गर्ने,

(ख) समूहमा मिलेर काम गर्ने,

(ग) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने,

(घ) असल आचरण र अनुशासन कायम गर्ने,

(ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामाग्रीहरु लगाउने,

(च) आयोजना स्थलमा खटिएको प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरुको अवलम्वन गर्ने,

(छ) कार्यस्थलमा सहकर्मीसँग वा अन्य कुनै व्यक्तिसँग झैझगडा नगर्ने नगराउने,

(ज) कार्यस्थलमा साम्प्रदायिक सद्भाव विथोलिने खालका कुनै व्यवहार नगर्ने नगराउने,

(झ) कार्यस्थलमा लैंगिक, जातीय, क्षेत्रीय, धार्मिक, सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने नगराउने ।

# अनुसुची ४

## दफा ९ को उपदफा २ सँग सम्बन्धित

आयोजना कार्यान्वयन समितीले माग गर्न आयोजना प्रस्तावको ढाँचा

श्रीमान अध्यक्षज्यु,
सिद्धकुमाख गाउँपालिकाको कार्यालय
ढोरचौर,सल्यान

बिषयः आयोजना प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोत विषयमा लाभन्वित समुदायको छनौट गरेको र कार्यत्रम कार्यान्वयन समितीबाट कार्यान्वयन गर्नका लागी निर्णय गरिएको देहाय बमोजिमको लागत सहभागिता तथा विवरण उल्लेख भएको आयोजना कार्यावन्यन गर्नका लागी यो आयोजना माग प्रस्ताव तयार गरि पेश गरेका छौ । आवश्यक बजेट तथा कायम स्विकृत गरि संचालन गर्न अनुमतीका लागि अनुरोध गर्दछौ ।

(क) आयोजना सम्बन्धी जानकारी

१. नामः

२. स्थान

३. लाभान्वित जनसंया............महिला..................पुरूष.............दलित

४. लाभान्वित घरपरिवार संख्याः

(ख) आयोजना कार्यान्वयन समिति

१. गठन भएको मितिः

२. कार्यान्वयन समिति गठन हुँदा उपस्थित संख्याः

**३. आयोजना कार्यान्वयन समितिका पदाधिकारिको विवरण**

| क्र.स. | पद | नाम थर | ठेगाना | नागरिकता नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |

४) भेला भएको स्थानः

आयोजनाको आर्थिक पक्ष

१. कुल अनुमानत लागत रू.

२. निर्माण सामाग्रीको मूल्यः

३. ज्यालाः

४. ढुवानी भाडाः

५. अन्यः

(घ) खर्च व्यहोर्नेश्रोतः

१. लाभान्वित उपभोक्ताबाटः नगद रू................श्रमदानबाट रू.........................बराबर

२. गाउँपालिका/वडा कार्यालयबाटः नगद रू..........................बस्तुगत रू........................बराबर

(ङ) संलग्न कागजातः

१. आयोजना कार्यान्वयन समितिको गठन गर्ने निर्णयको छाँयाप्रती ।

२. आयोजना कार्यान्वयन समितिको विधान भए सोको छाँयाप्रति ।

३. समबिन्धत वडाको सिफारिस ।

४. यस संघ संस्थाको लागत सहभागितामा भए सोको प्रतिबदत्ता पत्र ।

५. आयोजना कार्यान्वयन समितिको अनुभव सम्बन्धी कागजात ।

६. सम्भव भए योजनाको स्थलको नक्सा ।

७. डजाईन, लागत अनुमान विवरण सम्बन्धी कागजात ।

(च) आयोजना माग गर्ने आयोजना कार्यान्वयन समितिका पदाधिकारीहरूको

| | | |
|---|---|---|
| दस्तखतः | दस्तखत | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः अध्यक्ष | पदः सचीव | पदः कोषाध्यक्ष |
| मितिः | मितिः | मितिः |

# अनुसुचीः ५

## दफा ९ को उपदफा ३ सँग सम्बन्धित

..........................आयोजना कार्यान्वयन समितिबाट तयार पारिएको आयोजना कार्यान्वयन तालीका

१. आयोजनाको नामः २. संचालन स्थलः

३. कुल लागत अंक रू..............................४. गाउँपालिकाले व्यहोर्ने रू.........................

| क्र.स. | योजना सम्बन्धि गतिबिधि | समय तालिका | जिम्मेवार निकाय व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| | आयोजना पहिचान | | गाउँपालिका मार्फत लाभान्वित समुदाय | |
| | प्रस्ताब गर्ने निर्णय | | कार्याक्रम कार्यन्वयन समिति | |
| | प्रस्ताब पेश गर्ने | | गाउँपालिकाको कार्यालय | |
| | आयोजनाको सम्भायता | | गाउँपालिकाको कार्यालय | |

| | | | | |
|---|---|---|---|---|
| | अध्ययन ल.इ. गर्ने | | | |
| | प्रस्ताब स्वकृति गर्ने | | गाउँ पालिकाको कार्यालय | |
| | सम्झौता गर्ने | | गाउँ पालिकाको र आयोजना कार्यन्वयन समिति | |
| | कार्य प्रारम्भ गर्ने | | आयोजना कार्यन्वयन समिति | |
| | प्रथम किस्ता निकासा | | गाउँपालिकाको कार्यालय | |
| | कार्यको प्राबिधिक बाट मुल्यांकन | | गाउँपालिकाको कार्यालय | |
| | कार्य सम्पन्न गर्ने | | आयोजना कार्यन्वयन समिति | |
| | प्राविधिकको अन्तिम मुल्यांकन तथा अनुगमन समितिको प्रतिबेदन | | गाउँ पालिकाको कार्यालय अनुगमन समिति | |

| | | | | |
|---|---|---|---|---|
| | सार्बजनिक परिक्षण | | रोजगार सेवा केन्द्रको सहजीकरणमा लाभान्वित समुदाय र आयोजना कार्यन्वयन समिति | |
| | अन्तिम भुक्तानी माग गर्ने | | आयोजना कार्यन्वयन समिति | |
| | जाच पास फरफारक | | गाउँ पालिका | |
| | अन्तिम भुक्तानी | | गाउँ पालिका | |
| | आयोजना हस्तान्तरण | | गाउँ पालिकाको र आयोजना कार्यन्वयन समिति | |

आज्ञाले
मार्शल कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत